# थासाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ, मुस्ताङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्या : ०८२।८३

सूचना चलानी नं. : ४०

## माटो स्वास्थय सुधार कार्यक्रम सहभागिता सम्वन्धी सूचना

*पहिलो पटक सूचना प्रकाशित मिति : २०८२/१२/०४*

यस गाउँपालिकाको आ.व २०८२/०८३ को स्वीकृत कार्यक्रम **"माटो स्वास्थ्य सुधार कार्यक्रम"** अन्तर्गत इच्छुक कृषक, कृषि फर्म, कृषक समूह, सहकारी संस्थाहरुलाई तपशिल कार्यक्रमहरुमा लागत सहभागीताका लागि यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (अर्थात मिति:२०८२/१२/२४ गते भित्र) तपसिल बमोजिमका कागजातहरु संलग्न राखि सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा गई रितपूर्वक आवेदन पेश गर्नहुन सम्बन्धित सरोकारवालहरु लाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| क्र.स | कार्यक्रमको नाम | सङ्ख्या | बजेट रु. | क्रियाललापहरु | कार्यक्रम सञ्चालन मापदण्ड |
|---|---|---|---|---|---|
| १ | भकारो सुधार पुर्वाधार निर्माण | १० | ८,५८,२६०/- | - गाई/भैसी बस्ने भुई ढलान<br>-मुत्र/गहुँत संकलनको लागि नलि तथा खाल्डो निर्माण<br>- मलखादमा सुख्खा गाहो तथा छानो निर्माण | - कृषि पेशामा आवद्ध भई कम्तिमा २ वटा गाई/भैसी पालेको हुनुपर्ने<br>-प्राविधिक लागत अनुमान बमोजिम कार्य गर्नुपर्ने<br>-प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ बमोजिम |

**आवश्यक कागजातहरु**

- कार्यालयले उपलब्ध गराएको फर्मेट निवेदन फारम।
- संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपी।
- आ.व.२०८१/०८२ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी।
- संस्थागत निर्णयको प्रतिलिपी।
- कार्यक्रममा समावेस हुने प्रत्येक कृषक सदस्यहरुको खेती गरिने जग्गाको धनी पूर्जाको प्रतिलिपी।
- नागरिताको प्रतिलिपी।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

२०८२/१२/०४
बिकाश परियार
प्रमुख प्रशासकीय अधिकृत

व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन
Web: http://www.thasangmun.gov.np, Email:thasangmun@gmail.com
सम्पर्क नं. : ९८५७६५०४१२

# थासाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ, मुस्ताङ

पत्र संख्या : ०८२।८३

सूचना ~~चलानी नं.~~ : ४०

गण्डकी प्रदेश नेपाल

## माटो परिक्षण गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति:२०८२/१२/०४)*

प्रस्तुत विषयमा यस थासाङ गाउँपालिका, कृषि विकास शाखाको चालु आ.व.०८२/०८३ को वार्षिक स्वीकृत **माटो स्वास्थ्य सुधार** कार्यक्रम (शसर्त तर्फ) अन्तर्गत "माटो परीक्षण कार्यक्रम" सञ्चालनार्थ यस कार्यालयबाट निःशुल्क रुपमा माटोको नमुना परिक्षण गरिने भएको हुँदा आफ्नो खेतबारीको माटो परिक्षण गर्न चाहनुहुने गाउँपालिका भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले २१(एक्काईस) दिन (मिति:२०८२/१२/२४ गते) कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सरोकारवाला सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

*द्रष्टव्य:*

- *माटो परिक्षण गर्न आवेदन पेश गरेका कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरुलाई माटोको आवश्यक नमुना लिने तरिका तथा भकारो सुधार सम्बन्धि तालिम तथा अभिमुखिकरण आवेदन पेश गर्ने अन्तिम मिति सकिएपछि पुनः जानकारी गराई सञ्चालन गरिनेछ ।*
- *माटो परीक्षण नतिजाको आधारमा माटोको अम्लियपना सुधारका लागि कृषि चुन वितरणमा ५० % अनुदान तथा ढुवानीमा १००% अनुदान उपलब्ध हुनेछ ।*
- *साथै थप जानकारीको लागि थासाङ गाउँपालिका, कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।*

२०८२/१२/०४

विकाश परियार
प्रमुख प्रशासकीय अधिकृत

व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन
Web: http://www.thasangmun.gov.np, Email:thasangmun@gmail.com
सम्पर्क नं. : ९८५७६५०४१२